सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक

# ज्योती जागरण

Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १६४ | वि.सं. २०७९ माघ ०१ आइतबार | 15, 2023 Sunday, JAN | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## NGO मार्फत पर्साको पालिकामा ब्रहम्लुट ,६०५ र ४०५ को आतांक,अख्तियारले सिकन्दा कस्दै।

कृष्णा कुशवाहा

**वीरगन्ज ।** पर्साको १४ स्थानिय तहहरुमा श्रावणमा योजना तर्जुमा भए पश्चात पर्सा तथा बाराको पालिकाहरुमा अग्रीम ६०५ कमिशन तथा ४०५ मा काम गर्ने भने शर्तमा टोकन मनि भनेर पैसा बाड्दै कार्यक्रम लिने र कामनै नगरी बिल भरपाई मिलाई पहुच तथा कमिशनको भरमा पैशा निकाशा गराई आतंक मचाउनुको साथै बर्षेनी लाखौ लाख बराबरको राजश्व चोरी गरी रहेका समाचार प्राप्त भएको छ ।




पर्साको अधिकांस स्थानिय तहहरुमा ब्रचस्व रहेकोले आफ्नो नातेदार श्रीमती तथा आसेपासेको नाममा समाजिक संघ सँस्था दर्ता गराई कमिसनको प्रलोभन देखाई सम्पूर्ण ठेका,तालिम,सप्लायर्स तथा गोष्ठीहरु आफै गराईरहेका छन । केही एनजीओ कर्मीले पर्साको विभिन्न स्थानिय पालिकामा पनि कार्यरत रहेका छन ।

पर्साको केही स्थानिय तहमा कार्यरत कर्मचारीहरूले पछिलो समयमा पालिकामा कार्यरत हुदाँ जनप्रतिनिधि तथा कर्मचारीहरु सँग सम्बन्ध बनाई उक्त पालिकाको सम्पूर्ण तालिम तथा गोष्ठी कमिशन बेसमा आफ्लैंलाई कार्यक्रम नै नगरी फर्जी बिल भरपाई पेश गरी रकम निकाशा गराएका थिए जुन हाल महालेखा परिक्षणको प्रतिवेदन अनुसार पर्सामा कार्य गरेका कति एनजीओ कर्मीहरुको संस्था माथि असुल उपरको बेरुजु आएको छ। हालै

बाँकी तेश्रो पृष्ठमा

## सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत वीरगंज वार्ड नं १ मारू कम्बल वितरण



वीरगंज, पर्सा

सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा द्वारा कम्बल वितरण गरिएको छ।

वीरगंज महानगरपालिका वडा नं १ दलित टोलमा अतिविपन्न गरिब परिवारहरु लाइरु आज एक कार्यक्रम का बिच बढदै गएको जाडो बाट बचन को निमित्त कम्बल वितरण गरिएको छ।

कम्बल वितरण कार्यक्रम का प्रमुख अतिथि वीरगंज महानगरपालिका का उप प्रमुख इम्तियाज आलमले भने बढदै गरेको जाडोको मध्य नजर गर्दै नयोनो कपडा लगाइ बाहिर निस्कन र बालबालिका लाइ जाडो बाट बचाउन तर्फ ध्यान दिन आग्रह गर्नुभएको थियो।

कम्बल वितरण कार्यक्रम वीरगंज महानगरपालिका का उप प्रमुख

बाँकी तेश्रो पृष्ठमा

## थारू सम्बत २६४७ एंव खिंचडी (माघी) पर्ब भव्यताका साथ मनाउने।



वीरगन्ज । पर्साको वीरगन्ज महानगरपालिकामा थारु समुदायले यसपालि पनि थारु सम्बत २६४७ एंव खिंचडी (माघी) पर्ब भव्यताका साथ मनाउने भएका छन ।

माघ १ गते आइतबार खिंचडी (माघी) मूल समारोह समितिले वीरगन्जको आदर्शनगर स्थित पुरानो बसपार्क परिसरमा माघी समारोह आयोजना गर्न लागेको आज पत्रकार सम्मेलन गरी जनाएका छन् ।

शनिबार नेपाल पत्रकार महासंघ पर्सा शाखाको सभाकक्षमा पत्रकार सम्मेलन गरेर माघी मूल समारोह समितिले आइतबार आयोजना गर्न लागिएको खिंचडी (माघी ) समारोहका बारेमा जानकारी गराएको हो ।

खिंचडी समारोहमा आइतबार रक्तदान कार्यक्रम , थारु सांस्कृतिक झलक (घाटो, समाचकेवा, झम्टा नाच ) प्रस्तुती आयोजना गर्नुका साथै महोत्सवस्थलमा थारु, मधधेसी , नेवार , मारवाडी ,मैथली समुदायमा लोकप्रिय रहेका खानाका विभिन्न परिकारहरुको स्टल पनि राखिने कार्यक्रमका संयोजक रामसुन्दर चौधरीले जानकारी गराए ।

खाना स्टलमा घोङ्गी,

बाँकी तेश्रो पृष्ठमा

## कट्टी मठकै जग्गामा मधेश विश्वविद्यालयको शाखा राख्न अनुगमन।

**वीरगन्ज । पर्साको पकाहा मैनपुर गाउँपालिका वडा नं २ स्थित रहेको श्री राम जानकी मन्दिरको जग्गामा मधेश विश्वविद्यालयको एउटा शाखा राख्न आज विश्वविद्यालयको तर्फबाट आएका प्रतिनिधि र पालिकाका जनप्रतिनिधिहरुले जग्गाको अनुगमन गरेका छन् ।**

**अनुगमन कै क्रममै मधेश विश्वविद्यालयका उपकुलपति डा. दीपक शाक्यले श्री राम जानकी मन्दिरको जग्गा मधेस विश्वविद्यालयको कृषि र इन्जियरि शाखाको लागि उपयुक्त भएको बताउनु भयो ।**

**साथै मधेस विश्वविद्यालयको कृषि र इन्जिनियि शाखाको विद्यालय बनाउनको लागि स्थानिय जनप्रतिनिधि तथा स्थानिय बासीहरुको सहयोग भए भने चाडै शिलान्यास गरिने प्रतिवद्धता समेत गर्नु भयो ।**



**अनुगमन मै बोल्दै मधेस विश्ववद्यालयका रजिष्टदार विजय यादवले मधेश विश्वविद्यलयको लागि हामीले आफ्नो तर्फबाट सम्पूर्ण सहयोग गर्ने प्रतिबद्धता जनाउनु भयो ।**

**मधेश विश्वविद्यालयको लागि स्थानिय जनप्रतिनिधि र बासीहरुको सहभागिताले पक्कै यहाँ हुने उहाँले बताउनुभयो ।**

**पकाहामैनपुर गाउँपालिकाका पूर्व गाउँपालिका अध्यक्ष विजय चौरसियाले राजनीति र पार्टीको कुरा एका तिर राखी हामीले एक जुट भई मधेश विश्वविद्यालय बनाउन तर्फ लाग्नु पर्ने बताए ।**

**मधेश विश्वविद्यालयको एउटा शाखा राख्न २५ देखि ३० बिगाहा क्षेत्रफल रहेको जग्गा किन्नु भन्दा श्री राम जानकी मन्दिरको नाम रहेको २५ बिगाहामा मधेस विश्वविद्यालय बनाउन उपयुक्त भएको भन्दै पत्रकार बिन्दू भूषण साहको अगुवाइ एवं पत्रकार कृष्णा कुशवाहाको सक्रियतामा युवाहरुले निरन्तर आवाज उठाउँदै आएका थिए ।**

**मधेस विश्वविद्यालयको कृषि र इन्जिन्यारिङ शाखाको जग्गा अनुगमन कार्यक्रममा पकाहामैनपुर गाउँपालिका वडा नं १ का वडा अध्यक्ष विनोद मेहता ,२ का वडा अध्यक्ष मुकुट चौहान ,३ का वडा अध्यक्ष सञ्जय चौहान ,४ का वडा अध्यक्ष ढेडी प्रसाद यादव , कालिकामाई गाउँपालिका वडा नं ५ का वडा अध्यक्ष सञ्जय साह , उपाध्यक्षका प्रतिनिधि , नेता राकेश कुशवाहा लगायतको उपस्थिति रहेको थियो ।**

**उपस्थिति सम्पूर्ण जनप्रतिधी तथा सामाजिक अगुवाहरुले जसरी भए पनि मधेस विश्व विद्यालय बनाउनु पर्यो भने जोड दिएका थिए ।**

**हामीले हाम्रो पालिका तथा सम्बन्धित निकायबाट हुने सम्पूर्ण सहयोग गर्न हामी तयार रहेको बताएका थिए ।**

## सर्लाहीमा मोटरसाइकल ट्रकमा ठोक्किदा एक युवकको मृत्यु

वीरगन्ज,३०पुस : सर्लाहीमा शुक्रबार राति रोकिराखेको ट्रकमा मोटरसाइकल ठोक्किदा एक युवकको मृत्यु भएको छ।बागमती नगरपालिका वडा नम्बर २ स्थित सडकमा बिग्रिएर रोकिराखेको ना ५ ख ७५६४ नम्बरको उखु लोड गरेको ट्रकमा बरहथवाबाट नयाँरोडतर्फ आउँदै गरेको बागमती प्रदेश ०३-००४ प १५९३ नम्बरको मोटरसाइकल ठोक्किएको हो ।

दुर्घटनामा मोटरसाइकल चालक सर्लाहीकै गोडैता नगरपालिका-४ का ३२ वर्षिय विश्वजित हजारीको मृत्यु भएको इलाका प्रहरी कार्यालय हरिवनले जनाएको छ । ट्रकका

बाँकी तेश्रो पृष्ठमा



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# मधुरो हुँदै पहिचानको स्वर

**श्यामसुन्दर शशि**

प्रधानमन्त्री पदको शपथ लिँदा यसअघि सुट लगाएका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पुस ११ मा चाहिँ दौरा-सुरुवाल र ढाका टोपीमा देखिए । हिन्दीमा शपथ लिँदै आएका मधेशकेन्द्रित दलहरूका बहुसंख्यक नेताले यसपालि नेपाली नै रुचाए ।

पुस १५ गते मधेश प्रदेशसभामा १०४ सदस्यमध्ये ५६ जनाले नेपालीमा शपथग्रहण गरे । जनमत पार्टीका अधिकांश प्रतिनिधि तथा प्रदेशसभा सदस्यहरूले भाषा आयोगले चिन्दै नचिनेको 'मधेशी भाषा' मा शपथ लिएर मुलुकमा नयाँ भाषा विवाद उत्पन्न गरे । शपथ सम्बन्धी ऐन-२०७९ ले सार्वजनिक पद धारण गर्ने व्यक्तिको शपथ, शपथ लिने र गराउने व्यक्तिको पोसाक र भाषाबारे उल्लेख गरेको छ । ऐनको दफा ४(२) मा शपथ लिने वा गराउने व्यक्तिले आफ्नो संस्कृति र परम्परा वा पहिचान झल्किने मर्यादित वेशभूषा वा पोसाक लगाउन सक्ने भनिएको छ ।

दफा ५(२) ले मातृभाषामा शपथ लिन सक्ने व्यवस्था गरेको छ । २०६८ सालको राष्ट्रिय जनगणना अनुसार, मुलुकमा १२३ मातृभाषा छन् । यस पालि कुन माननीयले कुन भाषा वा कुन वेशभूषामा सजिएर शपथ लिए, यो स्वविवेकको विषय हुन सक्ला, तर के हेक्का राख्नुपर्छ भने, हिन्दीमा लिएका कारण उपराष्ट्रपति परमानन्द झाको शपथ बदर गरिएको थियो ।

कारण सर्वविदितै छ, मैथिली मातृभाषी उनले ढाँटेर हिन्दीमा शपथ लिएका थिए । जनमत पार्टीका माननीयहरूले शपथ लिएको मधेशी भाषालाई भाषा आयोगले चिन्दैन, २०६८ सालको जनगणनाले पनि चिन्दैन । २०७८ सालको जनगणनाले के गर्छ, विस्तृत रिपोर्ट आएपछि थाहा होला ।

भाषा र वेशभूषा व्यक्तिगत रुचिको विषय भए पनि मानिसको पहिचानसँग जोडिएकाले यी पक्षबारे चर्चा-परिचर्चा, बहस, छलफल हुनै हुँदैन भने होइन । त्यसैले होला, अचेल यो विषय आम चर्चामा छ । धनुषा र सप्तरीका केही साहित्यिक-सांस्कृतिक संस्थाहरू यस विषयलाई अदालतमा चुनौती दिने गृहकार्यमा जुटेका छन् । माओवादी र मधेशवादी आन्दोलनको प्रस्थानविन्दु गणतन्त्र, समानता, समावेशिता मात्र नभई पहिचान पनि थियो । माओवादी र मधेश आन्दोलनकै रापतापमा मुलुकले संघीय लोकतान्त्रिक गणतन्त्रसम्मको यात्रा तय गरेको हो । त्यसकै बलमा बल्लतल्ल सार्वजनिक पदधारकहरूले आआफ्ना मातृभाषामा शपथ लिने अधिकार पाएका हुन् ।

पहिचानको अर्थ हुन्छ- स्मृतिको सहयोगले प्राप्त हुने ज्ञान । कुनै वस्तुमा पाइने यस्तो विशेष तत्त्व जसले गर्दा उक्त वस्तु अरूभन्दा फरक हुन्छ । जाति, धर्म, लिंग, विचारधारा, राष्ट्रियता, संस्कृति, भाषा, इतिहास, व्यवसाय आदि पहिचानका धारक तत्त्व हुन् । यी अवयवकै आधारमा खस-आर्य, हिन्दु, मुस्लिम, आदिवासी जनजाति, मधेशी, थारू आदिबीचको फरक छुट्टिने गर्छ ।

पहिचानवादी दलहरू ( माओवादी र मधेशवादी) को बाहुल्य रहेको पहिलो संविधानसभाले पहिचान र सामर्थ्यलाई राज्य पुनःसंरचनाको प्रमुख आधार स्वीकार गरेको थियो । तर पहिलो संविधानसभाबाट संविधान जारी हुन सकेन ।

दोस्रो संविधानसभामा पहिचानवादी दलहरू किनारामा पुगे । निर्णायक शक्तिका रूपमा स्थापित भएका नेपाली कांग्रेस र नेकपा एमालेको जोडबलले पहिचानलाई बेवास्ता गर्दै राज्य पुनःसंरचना गरियो । एउटै मधेशलाई पाँच भिन्न प्रदेशमा विभाजित गरियो ।

एकीकरणपूर्व नेपालमा मौलिक भाषा, वेशभूषा र कला-संस्कृति भएका बाइसे र चौबीसे राज्यहरू थिए । अब्बल सांस्कृतिक पहिचान बोकेको मकवानपुर राज्य थियो । चुरे पर्वत शृंखलादेखि दक्षिण तराई तथा पूर्वमा कोसीदेखि पश्चिममा गण्डकी नदीसम्म फैलिएको मकवानपुर नेपालमा गाभियो । एकीकरणपश्चात् मकवानपुरका मधेशीको मात्र होइन, नेवार, राई, लिम्बू, खम्बू, थारू, दनुवार आदि रैथाने जात-जातिका भाषा र संस्कृति ओझेलमा पर्दै गए । मुलुक 'एउटै भाषा एउटै भेष' को अभियानमुनि थिचिँदै गयो, खस-आर्यबाहेकका भाषा-संस्कृति झन्झन् किनारातिर हुत्तिँदै गए ।

पञ्चायती व्यवस्थाले पुरुष, हिन्दु, नेपालीभाषी, पहाडे उच्च जातका सम्भ्रान्तको एकल पहिचानलाई वैध राष्ट्रिय आदर्श बनाएको थियो । यो प्रवृत्तिले बाँकी जातजातिमा आफूहरू बहिष्करणमा परेको अनुभूति गरायो । नागरिकतासमेतमा विभेद गरियो । २०४६ सालको राजनीतिक परिवर्तनका कारण मुलुकमा बहुदलीय व्यवस्था आयो । समाज अलि खुकुलो भयो । पहिचानका स्वरहरू सुनिन थाले । तर माओवादी जनयुद्ध तथा मधेश विद्रोहले पहिचानवादी आन्दोलन र स्वरलाई उत्कर्षमा पुऱ्याए । आदिवासी र थारू आन्दोलनले यस स्वरलाई घनीभूत तुल्याए । मधेशमा बोलिने मैथिली, भोजपुरी, अवधि, थारू र हिन्दी भाषाको प्रवेश संघीय र प्रदेश संसद्सम्म भयो ।

तर पाँच वर्षयता पहिचानका स्वरहरू फेरि मधुरो हुन थालेका छन् । 'एउटै भाषा एउटै भेष' को नारा फेरि चर्को

बाँकी तेश्रो पृष्ठमा

# दौरा-सुरुवालको ठाटबाट

**राजेन्द्र महर्जन**

पुष्पकमल दाहालले लबेदा-सुरुवाल लगाएर, ढाका टोपी ढल्काएर, शुद्ध संस्कृतयुक्त नेपाली भाषामा कुनै पदको शपथग्रहण गरेको हेर्ने इच्छा छ । त्यसपछि नेपालको माओवादी क्रान्ति पूरा भएको ठहरिन्छ ।'

प्रखर राजनीतिक विश्लेषक सीके लालको इच्छा थियो यो, माओवादी क्रान्तिका द्विविधा र त्यसका सर्वोच्च नेताका अन्तरविरोधलाई लिएर हानिएको कटाक्ष थियो । विश्लेषक लालको पाँच वर्षअघिको कटाक्षयुक्त इच्छा नेता दाहालले प्रधानमन्त्रीको तेस्रो पटकको शपथग्रहणमा पूरा गरिदिए, वर्चस्वशाली भाषा, संस्कृति र प्रतीकसामु 'त्वं शरणम्' गर्दै । 'प्रचण्ड' ले माओवादी क्रान्तिका नाममा जुन भाषिक-जातीय वर्चस्वविरुद्ध शास्त्र र शस्त्र उठाएका थिए, त्यही वर्चस्वसामु आत्मसमर्पण गरेपछि क्रान्ति विसर्जन भएकामा अब त माओवादीहरूलाई पनि शंका छैन ।

पुनःसंरचना नभएको दाहाल-मन

वर्चस्वशालीहरूसँग सोह्रबुँदे साँठगाँठबाट २०७२ सालमा संविधान जारी गरेपछि नेकपा एकीकृत माओवादीले 'वैज्ञानिक समाजवाद' शीर्षक प्रकाशन गर्न लागेको थियो । त्यसलाई विचार-विश्लेषण दिएर सघाउन अनुरोध गर्न युनियन हाउसमा बोलाइएको बसाइमा उनीहरूलाई मैले भनेको थिएँ, 'युद्धको क्रममा उठाइएका सबैजसो मुद्दाको विसर्जन र सत्ता-शक्तिका लागि आधारभूत मूल्य-मान्यताको पनि मोलमोलाइ गरेपछि बौद्धिकहरूमा सबै उत्पीडित समुदायका सवाल त क्रान्तिको नाममा लडाइँमा भर्ती विस्तार गर्न उठाइएको एजेन्डा भन्ने मत प्रबल छ ।' यस्तो मत सुनेपछि रातोपिरो भएर दाहालले युद्धमा एक से एक बुद्धिजीवीको भूमिकाबारे जानकार रहेको भन्दै दिएको प्रचण्ड प्रतिक्रिया अझै सम्झनामा छ । उत्पीडित समुदायका एजेन्डा स्थापित गर्न नसकेकामा क्षमाप्रार्थी हुनुको सट्टा बौद्धिकहरूको हिसाब-किताब गर्न तम्सिएका प्रचण्ड अहिले 'पुनर्मूषिको भव' को अवस्थामा देखिनु टीठलाग्दो हुन सक्छ । प्रचण्ड पुष्पकमल दाहालमै पश्चगमन भएकामा प्रचण्ड नामसमेत मन नपराउने र दाहाल नै नाम राख्नुपर्ने मूढाग्रही वर्चस्वशालीहरू अचेल दङदास हुन सक्छन् । तर, एक वर्ग-वर्ण-जात-जाति-लिंग-क्षेत्रको प्रभुत्व र वर्चस्व भएको राज्यको पुनःसंरचनाका लागि शस्त्र नै उठाउने माओवादी नेतृत्वकारीहरूको मनको पुनःसंरचनासम्म नभएको देखेर कुनै पनि अग्रगामी खुसी हुन सक्दैन ।

जनयुद्धको थालनीको सेरोफेरोमा 'हिमाल' द्वैमासिक पत्रिकाले चीनका नेता माओ त्सेतुङका विचार नेपाल लगायत दक्षिण एसियामा कसरी फैलियो भन्ने प्रश्नमा विशेष सामग्री छाप्ने क्रममा एउटा 'मोन्टाज' आवरणमा छापेको थियो- माओलाई ढाका टोपीमा ढल्काएर, दौरा-सुरुवालमा सजाएर । अट्ठाइस वर्षपछि 'जनयुद्धका नायक' प्रचण्ड पनि प्रधानमन्त्री दाहालका रूपमा दौरा-सुरुवालमा सजिएर भाषण गर्दै हिँडेका छन्, क्यापबाट भादगाउँले टोपीमा र भादगाउँले टोपीबाट ढाका टोपीमा ढल्किँदै । र, दाहालका उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठ उनी ढाका टोपी र दौरा-सुरुवालमा ठाँटिएको देखेर खुसी छन्, कुनै विशेष पोसाकलाई राष्ट्रियकरण गर्ने वर्चस्वशालीहरूको सांस्कृतिक राजनीतिबारे पूरै अनभिज्ञजस्तै बन्दै । सबै जात-जातिका नेपालीको राष्ट्रिय लुगा, प्रशासनिक पोसाक, सांस्कृतिक प्रतीकका रूपमा ढाका टोपी र दौरा-सुरुवाललाई स्थापित गर्ने सांस्कृतिक राजनीतिबारे दाहाल वा श्रेष्ठ अज्ञात छैनन् । टोपी नलगाईकन नागरिकताको प्रमाणपत्रसमेत नपाउने वा अनागरिक बनाइने महेन्द्रीय राष्ट्रवादले फैलाएको टोपी र दौरा-सुरुवालको राष्ट्रियकरणबाट उनीहरूको मन पनि मुक्त छैन । उनीहरूको सांस्कृतिक अभ्यासमा देखिएको महेन्द्रीय राष्ट्रवादको चुरो हो- एउटै जातिलाई 'राष्ट्र' (नेसन) का रूपमा उभ्याउनु ।

महेन्द्रीय राष्ट्रवादको चुरो

संसारमा कतै जातिका आधारमा, कतै भाषाको जगमा, कतै संस्कृतिको टेकोमा 'राष्ट्र' को निर्माण गरिएको इतिहास छ । विशेषतः युरोपमा भाषिक र जातीय समुदायका आधारमा 'राष्ट्र' को निर्माण गरिएको छ भने त्यही 'राष्ट्र' मा 'राज्य' जोडिएपछि देशै बनेको विगत छ । एकल भाषा र जातिका आधारमा 'राष्ट्र-राज्य' बनाइँदा एउटै भाषाभाषी वा जाति भएको देशमा 'राष्ट्रिय' भावनाका साथ सबै मानिसलाई एक ढिका बनाउन र 'राष्ट्र' का नाममा मर्न-मार्न लगाउन सहज हुन्छ । तर, धेरै भाषा, जाति, समुदाय भएका देशमा एकल 'राष्ट्र' का आधारमा एकीकरण गर्न खोजियो भने द्वन्द्व, दमन र विग्रहसँगै प्रतिरोध अनिवार्य बन्न पुग्छ । नेपालजस्तो बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विविधताले भरिएको देशमा एकल राष्ट्रवाद थोपरिँदा यहाँ विद्यमान राष्ट्र र राष्ट्रहरूको समस्या सुल्झिनुको सट्टा झन् बल्झिएको छ ।

महेन्द्रीय राष्ट्रवाद खासमा एकल राष्ट्रवाद हो, जसले एकल भाषा र जातिका आधारमा राष्ट्रियकरणको अभियान चलाएको छ, जसले एउटै प्रतीकका आधारमा राष्ट्रिय एकीकरणको भाष्य सृजना गर्दै मन-मस्तिष्कमा वर्चस्व ( हेजिमोनी) स्थापित गर्दै आएको छ । बहुजाति, बहुभाषी र बहुसंस्कृति भएको देशमा एउटै पक्षलाई मात्रै राष्ट्रका रूपमा कसरी निर्माण गरियो; जन-मनमा कसरी स्थापित गरियो; त्यसले राजतन्त्रको अन्त्यपछि पनि कसरी निरन्तरता पायो; महेन्द्रीय राष्ट्रवादको गुदी खोतलियो भने प्रस्ट हुन्छ ।

महेन्द्रीय राष्ट्रवादबाट प्रेरित बुद्धिजीवीहरूका लागि देश भनेकै राष्ट्र हो, एउटै जाति हो, एउटै भाषा हो, एउटै समुदाय हो, एउटै समुदायको पोसाक हो, एउटै राजा हो । 'विभिन्न जातीय समूहबीच राम्रो अन्तरसम्बन्ध रहेको र नेपाललाई एउटै ढिकोमा एकीकृत पारिराख्न सामन्ती व्यवस्थाको ठूलो हात रहेको' मान्ने बुद्धिजीवीहरूको कमी छैन । नेपालमा विभिन्न क्षेत्रमा गरिएको राष्ट्रियकरणबारे पुरातत्त्व, इतिहास र संस्कृतिका ज्ञाता प्रयागराज शर्माको भनाइ छ, 'पृथ्वीनारायण शाह र उनीपछिका सबै शासकले चार प्रमुख कुराहरूलाई देशको एकीकरणको आधार बनाएका थिए । ती हुन्- गोरखाका हिन्दू राजाको निर्विवाद शासनाधिकार र शक्ति, राष्ट्रिय जीवनमा हिन्दू परम्परा र मूल्यहरूको सर्वोच्चता, जात विभाजनमा आधारित हिन्दू सामाजिक व्यवस्थाका माध्यमबाट सामाजिक एकीकरण तथा सरकारी, प्रशासनिक कामकाज र पछि आएर शिक्षामा पनि नेपाली भाषाको प्रचलन र मान्यता ।'

एकल राष्ट्रवादका आधारमा कस्तो एकता ?

शाह राजाहरूबाट राष्ट्रिय एकीकरण भएको महागाथा लेख्ने, पढाउने र जन-मनलाई दीक्षित गर्ने बुद्धिजीवी र तागाधारी शासकहरूले बेवास्ता गर्ने सवाल हो- कुनै एक भाषालाई नेपाली भाषा वा नेपालको भाषा नामकरण गरिएपछि अरू भाषा अनेपाली वा नेपाली-इतर वा गैरनेपाली वा नेपालकै र नेपाली नै नभएको ठानिने भए कि भएनन् ? कुनै एउटा भाषालाई मात्रै शैक्षिक, सरकारी र प्रशासनिक भाषाका रूपमा तोकिएपछि अरू राष्ट्रभाषाको अस्तित्व, मूल्य-मान्यता र अर्थवत्ता कति हुन्छ; ती अराष्ट्रिय ठहऱ्याइएको प्रस्ट हुन्छ कि हुँदैन ? जसले जे भने पनि शिक्षामार्फत नेपाली भाषालाई राष्ट्रिय सर्वोच्चता दिँदै अन्य भाषाको विलोपीकरणको प्रयास कसरी गरियो भन्ने तथ्य जगजाहेर छ । एकल भाषाका आधारमा राष्ट्रिय एकताका पक्षपाती सरदार रुद्रराज पाण्डेको संयोजनमा सन् १९५३ मा स्थापित

बाँकी तेश्रो पृष्ठमा

# अर्थ भूगोलको दृष्टिमा छिमेक नीति

**जगन्नाथ काफ्ले**

छिमेकीहरूसँग सन्तुलित, न्यानो र पारस्परिक सम्बन्ध कायम राख्नु आजको आवश्यकता हो।

विश्व इतिहास केलाउँदा बेलाबखत सैन्य, कूटनैतिक तथा आर्थिक शक्ति र समीकरणहरू परिवर्तन भइरहेको पाइन्छ। कुनै बेला मेसेडोनिया शक्तिशाली बनेर अलेक्जेन्डर द ग्रेट (सिकन्दर) संसार विजय गर्न निस्किए। कुनै बेला मंगोलिया शक्तिशाली भएर चंगिज खान आधा भूगोल राज गरे। बेलायतीहरूले लगभग पूरै संसार राज गरे। यस्ता कैयौं प्रमाणको साक्षी विश्व इतिहास छ। समीकरण परिवर्तन भइरहने क्रममा बलिया तथा शक्तिशाली मुलुकहरूले साना तथा आफूभन्दा कमजोर मुलुकलाई वशभित्र पारिरहेको तथ्य लुकेको छैन।

कैयन विश्वशक्ति राष्ट्रहरूका स-साना कमजोर छिमेकी मुलुकहरू पनि परापूर्वकालबाट स्वतन्त्र अस्तित्व बोकेर निरन्तर हिँडिरहेका छन्। निकट छिमेकी र शक्तिशाली राष्ट्रहरूसँग सन्तुलित सम्बन्ध कायम राख्न सफल मुलुकको स्थायित्व र उन्नतिमा दीर्घकालसम्म कमै नकारात्मक असर परेको पाइन्छ। कुनै पनि मुलुकको सार्वभौमसत्ता ठूलो वा सानो हुँदैन। चाहे गोपाल वंशबाट या त शाहवंशबाट नै होस् नेपाल आजसम्म सार्वभौम मुलुकको रूपमा रहिआएको सर्वविदितै छ। कुनै पनि शक्ति राष्ट्रको बशमा पर्नु नपरेको तथ्य छ।

नेपालको रोटी र बेटीको सम्बन्ध पृथ्वीको कुनै कुनामा स्थापित गर्न सम्भव भएको छ। सामान्यतया नेपाल र नेपालीलाई कुनै पनि देश तथा नागरिकसँग पारिवारिक, कूटनीतिक र व्यापारिक सम्बन्ध स्थापना गर्न असम्भव छैन भन्दा फरक नपर्ला। छिमेकी मुलुकको भूराजनीति परिस्थितिलाई बेवास्ता गरेर कुनै पनि मुलुकको परराष्ट्र नीति दिगो हुन सक्दैन। परिपक्व परराष्ट्र नीतिका लागि आफ्नो देशको साथै निकट छिमेकी मुलुकहरूको विद्यमान परराष्ट्र नीति, भौगोलिक, जनसांख्यिकीय, सामाजिक, आर्थिक, राजनीतिक र भूराजनीतिक अवस्थालाई पनि ध्यानमा राख्नुपर्छ। कूटनैतिक कौशलता, दक्षता, नैतिकता, निष्पक्षता र इमान्दारिता कुनै पनि देशको परराष्ट्र नीतिको मेरुदण्ड हो। नेपालले आफ्ना निकटतम छिमेकी राष्ट्रहरू भारत र चीनसँग लामो इतिहास र विशिष्ट सम्बन्ध कायम गर्दै आएको छ। अबका दिनहरूमा थप कौशलतापूर्वक अब्बल र सन्तुलित कूटनैतिक सम्बन्ध स्थापना तथा बढोत्तरी गर्नु जरुरी देखिएको छ।

आजको २१औं शताब्दीमा सञ्चारले संसारलाई एउटा गाउँजस्तै बनाएको छ। तराई क्षेत्रमा सनातनी वैदिक संस्कृतिसँग भारतको सांस्कृतिक सद्भाव प्रबल छ। हिमाली क्षेत्रमा तिब्बती सांस्कृतिक सद्भाव र बोन-बौद्ध संस्कृति प्रबल छ। भौगोलिक विकटताका कारण उत्तरतर्फको सम्बन्ध अलि कमजोर जस्तो देखिन्छ। आजको वैज्ञानिक युगमा भौगोलिक सिमानाले वैदेशिक सम्बन्धमा बाधा पुऱ्याउँदैन, यद्यपि भूगोलले विशेष महत्त्व राख्छ नै। राणाकालअघि उत्तर र दक्षिण दुवै मुलुकहरूसँग सन्तुलित सम्बन्ध थियो। हाम्रा यी दुई निकटतम छिमेकी राष्ट्रहरूसँग सन्तुलित सम्बन्ध पुनः स्थापना गर्नु हाम्रा लागि महत्त्वपूर्ण र अत्यावश्यक देखिन्छ।

नेपालले आफ्ना निकट छिमेकी मुलुकहरू भारत र चीनका सम्बन्धमा कुनै पनि रणनीतिलाई एक अर्को देशसँग सौदा गर्ने औजारको रूपमा प्रयोग गर्नु हुँदैन। अर्को महत्त्वपूर्ण पक्ष नेपाल र भारत वा नेपाल र चीनबीचको सम्बन्धलाई तुलना पनि कहिल्यै गर्नु हुँदैन। दुवै छिमेकीहरूसँग उपयुक्त सन्तुलित, न्यानो र पारस्परिक सम्बन्ध कायम राख्नु आजको आवश्यकता हो। एक अर्काबीच तुलना तथा एकतर्फी 'सौदाबाजी औजार' को रूपमा प्रयोग भएमा अन्ततः नेपाल, भारत र चीनलाई नै हानि पुऱ्याउँछ। अन्यथा, यसको परिणाम दीर्घकालीन रूपमा नेपालको स्वाधीनता र सार्वभौमसत्तामा मौलिक रूपमा प्रतिकूल हुनेछ । भारत तथा चीनलगायत समस्त एसियाकै शान्ति र उन्नतिमा बाधा पैदा गर्दछ।

नेपाल, भारत र चीन मिलेर क्षेत्रीय सुरक्षा, शान्ति र समृद्धिका लागि नियमित संवादमा आधारित नाइस र नाइस्ड मोडल लागू गर्न प्रतिबद्ध हुनुपर्छ।

अहिले नेपाल र भारतबीच खुला सिमाना र पूरक सुरक्षा तथा प्रत्यक्ष, अप्रत्यक्ष रूपमा धेरै सूचना संयन्त्रहरू स्थापित छन्। नेपाल र चीनबीच त्यस्तो बलियो सूचना संयन्त्र र सुरक्षा बलले द्विपक्षीय सम्बन्ध स्थापित हुन सकेको छैन। पछिल्लो समय नेपाल र चीनबीचको सम्बन्ध नयाँ उचाइबाट अगाडि बढिरहेको छ। यस सन्दर्भमा नेपालले भारत र चीनसँग सन्तुलित सम्बन्ध कायम गर्न जतिसक्दो चाँडो उच्चस्तरीय संयन्त्रको विकास गरी आफ्नो कूटनीतिक सीप प्रयोग गर्न आवश्यक छ। नेपालले व्यवहारतः भारत वा चीनमाथिको अनावश्यक निर्भरताको भारलाई समेत कम गर्दै जानुपर्छ। दिगो निकट छिमेकी सम्बन्ध स्थापना र अभिवृद्धि गर्न नेपाल, भारत र चीनका लागि दुई चरणको मोडल प्रस्ताव गर्न चाहन्छु। एउटा नेपाल-भारत-चीन समतामूलक मोडेल (नाइस मोडलः नेपाल इन्डिया चाइना इक्विटेबल मोडल) हो। जसले कूटनीतिक सम्बन्धलाई बलियो बनाउँछ। यी निकटतम छिमेकी राष्ट्रहरूको आर्थिक समृद्धिलाई सम्बोधन गर्ने नेपाल-भारत-चीन आर्थिक विकास मोडल (नाइस्ड मोडलः नेपाल इन्डिया चाइना इकोनोमिक डेभलपमेन्ट मोडल) हो।

नाइस (नेपाल-इन्डिया-चाइना इक्विटेबल मोडेल) नेपाल, भारत र चीन भौगोलिक रूपमा सहअस्तित्वका लागि बाध्य भएकाले छिमेकी राष्ट्रलाई परिवर्तन गर्न सम्भव छैन। भारत र चीनबीचको चिसो सम्बन्धले सबैभन्दा ठूलो हानि यिनै निकट छिमेकीलाई हुने

बाँकी तेश्रो पृष्ठमा

## अर्थ......

कुरामा संवेदनशील हुन जरुरी देखिन्छ। बुद्धिमानी कार्य भनेको एकअर्कासँग सबैभन्दा बलियो समतामूलक 'भाइचारा' सम्बन्ध विकास गर्नु हो। जसरी संयुक्त राष्ट्र संघको समतामूलक अस्तित्व छ। त्यसरी नै व्यवहारमा तीन राष्ट्रको समानतावादी अस्तित्व हुनुपर्छ। समान कूटनीतिक सम्बन्ध स्थापनाका लागि तीनै देशका कूटनीतिक अधिकारीहरूलाई नियमित रूपमा एउटै टेबलमा (नाइस टक) ल्याइनुपर्छ।

विशेष र अपरिहार्य सम्बन्ध स्थापनार्थ कम्तीमा मासिक वा कुनै निर्धारित आधारमा नियमित संवाद चलोस्। जस्ले त्रिपक्षीय समातामूलक मजबुद सम्बन्ध स्थापन, विकास, र विस्तार भई 'विन-विन' अवसर सिर्जना गरोस्। त्रिपक्षीय समातामूलक कूटनीतिक सम्बन्धले तेस्रो मुलुकको अनावश्यक उपस्थिति र चलखेललाई रोक्नु पर्छ। संयुक्त रूपमा राजनीतिक, आर्थिक, रक्षा, शान्ति, अध्यागमन, सुरक्षा, सामाजिक, वातावरणीय, संशाधन गतिशीलता, व्यापार गतिशीलता, सीमापार गतिशीलता, प्राविधिकलगायत बहुआयामिक विकासका पक्षमा कूटनैतिक सहयात्रा बलियो बनाउनु पर्छ। नेपालले आफ्ना निकट छिमेकीहरूसँग न्यानो समतामूलक सम्बन्ध विस्तार गर्न पुलको रूपमा अग्रणी भूमिका खेल्नुपर्छ। कमजोर राष्ट्रहरू सधैं बाह्य शक्तिहरूबाट प्रयोग हुने जोखिममा हुन्छन्। त्यसको असर निकट छिमेकीलाई पहिले पर्नेमा भारत र चीन अनभिज्ञ नहोलान्। दुई शक्तिशाली राष्ट्रको केन्द्रमा रहेको देश पछाडि परेमा छिमेकी राष्ट्रलाई नै नोक्सान हुन्छ। साथै अन्तर्राष्ट्रिय क्षेत्रमा राम्रो सन्देश जाने निश्चित छ। तसर्थ हाम्रा निकट छिमेकी राष्ट्रहरूबीच नाइस मोडेलका रूपमा समतामूलक कूटनीतिक सम्बन्ध अत्यावश्यक देखिन्छ।

नाइस्ड (नेपाल-इन्डिया-चाइना इकोनोमिक डेभेलपमेन्ट मोडेल)

नेपाल, भारत र चीन भौगोलिक रूपमा अनिवार्य सहअस्तित्व छ। त्यसैले निकट छिमेकी मुलुकबीच आर्थिक समृद्धिका लागि सामूहिक प्रयासको साझा आर्थिक रूपरेखा विकास गर्नु बुद्धिमानी हुन्छ। नाइस्ड (नेपाल-भारत-चीन आर्थिक विकास) मोडलले निकट छिमेकी मुलुकहरूबीच सामूहिक रूपमा विन विनको अवस्था सिर्जना गर्छ। पूर्वाधार विकास, वित्तीय बजार विकास, पर्यटन विकास, प्राविधिक विकास, उत्पादनबजार विकास, र मानव संशाधन (श्रमबजार) सम्बन्धी आर्थिक मामिलाहरूको विकास, विस्तार र स्तरोन्नति गरी यसलाई जित जितको अवस्था सिर्जना गर्न वकालत गर्छ। नाइस्ड मोडेलले वस्तु र सेवाहरूको स्वतन्त्र आवतजावतका साथै सीप, प्रविधि र पुँजी (एसटीसी) सजिलो स्थानान्तरणलाई लक्षित गर्नुपर्छ। नेपालले सर्वप्रथम त्रिपक्षीय फ्युज जडानका लागि आर्थिक अवसर खोजेर समन्वय गर्नुपर्छ। दुई ठूला विश्व आर्थिक शक्तिबीचको सानो छिमेकी देश अभाव र गरिबीको चपेटामा परेको खण्डमा त्यसको नकारात्मक असर छिमेकी राष्ट्रहरूमा पर्छ। यस पक्षमा भारत र चीन पनि समयमै सचेत हुनुपर्छ। पहिलो चरणमा नाइस्ड मोडेल तीनवटा पक्षबाट अगाडि बढ्न सक्छ।

पहिलो पक्षः रेलमार्ग, हवाई मार्ग, विद्युतीय केबल वे र एक्सप्रेस वेजस्ता यातायात सञ्जालको विकासमार्फत तीन छिमेकी राष्ट्रहरूले उचित आर्थिक सम्बन्ध स्थापना गरी साझा बजारको विकास गर्न सक्छन्। उपयुक्त प्रविधिको विकास र नेपाल हुँदै भारत-चीनबीचको विशाल पूर्वाधार निर्माणले सीमापार व्यापारिक सम्पर्क खोल्न सहज हुन्छ। नेपाललाई बलियो बनाउनका लागि औद्योगिक तथा व्यापारिक सम्बन्धको विकास र विस्तार गर्नु तीनै देशका लागि फाइदाजनक हुनेछ। नेपालमा पनि उद्यमशीलता अभियानको गुणात्मक विकासका लागि यी छिमेकी राष्ट्रहरूले आवश्यक सहकार्य गर्नु जरुरी छ।

दोस्रो पक्ष : तीन अर्ब जनसंख्यालाई लक्षित गरी त्रिपक्षीय पर्यटन प्रवर्द्धन यस त्रिपक्षीय सम्बन्धको अर्को महत्त्वपूर्ण आर्थिक रणनीति हुन सक्छ। भारतबाट जनकपुर, पशुपतिनाथ, गोसाइँकुण्ड, मुक्तिनाथलगायत धेरै तीर्थस्थल तथा चीनबाट आएका बौद्धनाथ, स्वयम्भू, लुम्बिनीलगायतका तीर्थस्थलमा हिन्दू वा वैदिक तीर्थयात्री भएकाले नेपालले ठूलो संख्यामा पर्यटक भित्र्याउन सकेको छैन। उपयुक्त पूर्वाधार र पर्यटकीय स्थलहरूको निर्माण गरेर नेपालले देशलाई व्यापार सम्मेलन केन्द्र, मनोरञ्जनात्मक बिदाको गन्तव्य र मनोरञ्जनात्मक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न सक्छ। तीन देशबीचको न्यानो धार्मिक सम्बन्ध र ल्हासा-काठमाडौं, लुम्बिनी-गया, अयोध्या-जनकपुर र काशी-पशुपतिनाथ-मुक्तिनाथ-कैलाश पर्यटन सञ्जालको उचित विकासले छिमेकीहरूबीच ठूलो आर्थिक अवसर सिर्जना गर्न बेर लाग्दैन।

तेस्रो पक्ष : नेपालले नेपाल र सामुद्रिक सम्पर्कको सीधा पारवहन मार्गको विकास गर्ने सम्बन्धमा तीन देशबीचको आर्थिक र कूटनीतिक सम्बन्धलाई अगाडि बढाउनुपर्छ। छिमेकीसँग विशेष सम्बन्ध कायम गरी द्रुत यातायात वा समुद्री तथा तेस्रो मुलुकसँग सीधा सञ्जाल निर्माण नगरी नेपाल समृद्ध हुन सक्दैन। यदि हामीले नाइस र नाइस्ड मोडल स्थापना र अभ्यास गर्न सक्छौं। तीनै साझेदार देशहरूले धेरै फाइदाहरू लिन सक्छन्। यस क्षेत्रमा शान्ति र सुरक्षा कायम गर्न तथा कुनै पनि पुराना र अव्यावहारिक सन्धि वा सम्झौताहरू सधैं निश्चित समीक्षा र सुधारका विषयहरू हुन्। समसामयिक अवस्थाका लागि बनाइएका पुराना सन्धि-सम्झौताहरू समयसँगै परिवर्तन भएको हुन सक्छ। अहिले अव्यावहारिक देखिएमा सुधार गर्न पछि पर्नु हुँदैन। परराष्ट्र नीति र कूटनीतिक विज्ञहरूको सहयोगमा नियमित वार्ता (नाइस टक)का खुला राख्नुपर्छ।

सामान्य अवस्थामा आफ्नो देशको आर्थिक, सामाजिक, राजनीतिक, प्रशासनिक वा अन्य कुनै मामिलाको नाममा अर्को देशको सहयोग लिनु सधैं प्रतिकूल हुन्छ। बाह्य मुलुकको सहयोग लिइरहनु भनेको आफ्नो देशको बारेमा गोप्य जानकारी ( कन्फिडेन्सियलिटी) दिनु हो। आफ्नै देशको कमजोरीलाई प्रहार गर्ने तथा चलखेल गर्ने मौका दिनु पनि हो; जुन सार्वभौम मुलुकको हितमा हुँदैन। बारम्बार विदेशीसँग सहयोग मागिरहनुभन्दा निकट छिमेकी मुलुकहरूसँगको सहकार्यलाई नेपालले प्राथमिकतामा राख्नुपर्छ। छिमेकी राष्ट्रहरू र उनीहरूका नागरिकको शान्ति, सुरक्षा तथा गोपनीयतालाई खतरामा पार्ने खराब काम तथा गतिविधिलाई रोक्न हामी सधैं चनाखो र इमान्दार हुनुपर्छ। नेपाललाई प्रयोग गरी तेस्रो राष्ट्रले कुनै छिमेकी देशको हानि हुन सक्ने अवस्थामा शून्य सहनशीलता अपनाउन सक्नु पर्छ।

नजिकका छिमेकी राष्ट्रहरू बीचमा सुमधुर सम्बन्धको लागि तेस्रो देशको अनावश्यक उपस्थिति सधैं घातक हुन्छ। प्रत्येक देशले आफ्नो हितका लागि मात्रै कूटनीतिक अभ्यास गर्छ। तेस्रो मुलुकले पहिलो र दोस्रो नजिकका छिमेकी मुलुकलाई जस्तो प्रभाव परे पनि आफ्नो फाइदाको लागि मात्र अभ्यास गर्छन्। नजिकका छिमेकीहरूबीचको सम्मानजनक र शान्तिपूर्ण सम्बन्ध कायम राख्ने जिम्मेवारीहरू पनि निकट छिमेकी देशहरूकै हो। दुई देशबीचको तनाव, द्वन्द्व र युद्ध भएमा पहिलो पीडित विनाश हुने सीधा आफ्नै नागरिकहरू र निकट छिमेकीहरू हुन् र फाइदा तेस्रो मुलुकले लिने हो। रूस-युक्रेन युद्धको हालैको घटनालाई लिने हो भने सबैभन्दा बढी पीडित युक्रेन, रूस र नजिकका छिमेकी मुलुकमा परेका छन्। सम्पूर्ण युरोप पनि ऊर्जा संकट, मुद्रास्फीति तथा नकारात्मक परिणाम र खतराबाट ग्रस्त छन्। फाइदाहरू टाढाबाट हतियार र ऊर्जा आपूर्तिकर्ताहरूमा गएको छ। यदि हामीले इतिहासलाई फर्केर हेर्‍यौं भने, यस्ता प्रमाणका धेरै घटनाहरू भेट्ने छौं।

तसर्थ सरकारले निकटका छिमेकी राष्ट्रहरू नेपाल, भारत र चीन मिलेर क्षेत्रीय सुरक्षा, शान्ति र समृद्धिका लागि नियमित संवादमा आधारित नाइस र नाइस्ड मोडल लागू गर्न गम्भीर रूपमा प्रतिबद्ध हुनुपर्छ। अझ गम्भीरताका साथ, नाइस साझेदारहरूले क्षेत्रीय शान्ति र सुरक्षा, क्षेत्रीय विकास र समृद्धि, बसाइँसराइ र श्रम गतिशीलता, संयुक्त बजार र व्यावसायिक लाभ तथा स्थिरता र स्वाभिमानप्रति समर्पण र संवेदनशील बन्नुपर्छ। अन्तर्राष्ट्रिय बजारको हतियार उद्योग, विनाशकारी युद्ध, विभाजन र शासकको लागि ढोका बन्द गर्नु पर्छ। उदीयमान छिमेकी शक्ति राष्ट्रहरूले हतियार र बमको आधारमा विनाशबाट युद्ध जित्न लगानी होइन। विश्व शान्ति र समृद्धिका लागि लगानी गर्न नेतृत्व लिनु पर्छ। काफ्ले, फिनल्यान्डको तुर्कु युनिभर्सिटीमा आर्थिक भूगोलमा विद्यावारिधि शोधकर्ता हुन्।**साभार अन्नपूर्णपोष्ट्**

## दौरा......

राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन र त्यसका आधारमा सात दशकको शैक्षिक अभ्यासले प्रस्ट भन्छ- 'नयाँ पुस्ताका विद्यार्थीहरूलाई नेपाली भाषा उनीहरूको आधार-भाषाका रूपमा सिकाए अरू भाषाहरू क्रमशः लोप हुँदै जानेछन् र यसले नेपालको राष्ट्रिय एकतालाई अझ बढी मजबुत बनाउनेछ ।' शासक वर्गले बोल्ने भाषाभन्दा फरक रहेका नेपालकै अन्य राष्ट्रभाषाको लोप हुने सांस्कृतिक आधारमाथि टेकेर नेपालमा कस्तो राष्ट्रिय एकतालाई अझ बढी मजबुत बनाउन खोजिएको होला, अहिले प्रस्ट हुँदै छ ।

आफ्नो जात, जाति, धर्म, संस्कृतिलाई मात्रै राष्ट्रिय मान्यता दिने बुद्धिजीवी र शासकहरूले जवाफ दिनुपर्ने सवाल हो- एउटा जातलाई मात्रै माथिल्लो, श्रेष्ठ, पवित्र, शुद्ध जात ठान्दै विभाजन गर्ने र अन्य जात-जातिलाई मतवाली, मासिन्या, कमसेल, पानी नचल्ने, छोइछिटो हाल्नुपर्ने, म्लेच्छ मान्ने सवर्ण पुरुषहरूको धार्मिक राज्यले अन्य जात-जातिलाई कसरी सामाजिक एकीकरण गर्छ ? अपराध गर्ने र मर्कामा पर्ने व्यक्तिको जात-जाति अनुसार दण्ड-सजाय दिने 'आइन' ( संविधान) द्वारा शासित मुलुकमा राष्ट्रिय एकीकरण भएको महागाथा गाउने एकल जात-जातिका बुद्धिजीवी र शासकहरूले बाहेक अरूले आफूलाई नागरिक नै ठान्न किन नसकेका होलान् ? धेरैजसो मानिसले अनागरिक ठान्ने देशको राष्ट्रिय एकता वा एकीकरण कस्तो होला ?

'हाम्रो राजा, हाम्रो देश, हाम्रो भाषा, हाम्रो भेष'

यस्ता प्रश्नका जवाफ राष्ट्रिय एकीकरणको भाष्यमा खोतल्नु जरुरी छ, जहाँ हिन्दू धर्म, हिन्दू राजा, हिन्दू राजाका मूल्य-मान्यता, संस्कृति र भाषासँगै पोसाक र प्रतीकलाई राष्ट्र/राष्ट्रिय/राष्ट्रियताको प्रतीकका रूपमा उभ्याएर जन-मनलाई शासनको जुवा र अनुशासनको मर्यादामा राखियो । एउटा उदाहरणले हाम्रो एकल राष्ट्र-राज्यका अनेक नामधारी सम्राट् र शासकहरूको राष्ट्रवादको दौरा-सुरुवाल फुकाल्न सक्छ । समाजशास्त्री सौभाग्य शाह अनुसार, कवि तथा नाट्य सम्राट् बालकृष्ण समले महेन्द्रीय राष्ट्रवादको जगजगी भएको जमानामा 'हाम्रो राजा, हाम्रो देश, हाम्रो भाषा, हाम्रो भेष' भन्ने नारा रचेका थिए । राजा महेन्द्रद्वारा सन् १९६२ मा डाकिएको बुद्धिजीवी सम्मेलनमा ललितपुरका एक प्रतिनिधिले लगाएको नारालाई नै पञ्चायतका पण्डितहरूले 'एक भाषा, एक भेष, एक देश' भनेर फेरेका थिए । ३० वर्षसम्मको दलविहीन राज्यव्यवस्थामा खुब रटाइएको समनिर्मित नाराले महेन्द्रको राष्ट्रवाद र उनले सृजना गरेको पञ्चायत व्यवस्थाको एकात्मक दर्शनको प्रतिनिधित्व गरिरहेको छ ।

आज नेपालबाट जनआन्दोलनका कारण राजा, राजतन्त्र र त्यसको राजनीतिक व्यवस्थाको अन्त्य भएको पनि जुग भइसकेको छ, तर देशको राजनीतिक-सांस्कृतिक जीवनमा तिनले रोपेको विषवृक्ष कति हदसम्म झाँगिएको छ, लोकतान्त्रिक गणतन्त्रका संविधानमा, संविधाननिर्माता दलहरूमा, सरकारहरूका नीति र नियतमा मात्रै होइन, जन-जनका मनमस्तिष्कमा समेत देख्न पाइन्छ । शासक वर्ग-वर्णको भाषा, धर्म, संस्कृतिको मात्रै होइन, राष्ट्रिय प्रतीकमा गाईजस्तो तिनको पूज्य धार्मिक-राजनीतिक जनावरको एकाधिकार तथा एक जाति-क्षेत्रको पोसाकको राष्ट्रियकरण अझै प्रश्नभन्दा माथि राखिएको छ । यस्तो प्रवृत्ति आफूलाई लोकतान्त्रिक र वामपन्थी भन्न रुचाउने, सांस्कृतिक बहुलवादको झन्डा उचाल्ने विभिन्न दल, सरकार र अदालतमा देखिँदै आएको छ, जसको पछिल्लो अभिव्यक्ति दौरा-सुरुवालमा शपथग्रहणका लागि एमाले सुप्रिमो केपी शर्मा ओलीको उर्दी र ओलीको कृपाबाट नियुक्त प्रधानमन्त्री पुष्पकमल दाहालद्वारा क्रियान्वयन हो ।

एकल पोसाकको राष्ट्रियकरणको नाटक

महेन्द्रीय राष्ट्रवादको प्रेत आफूलाई अब्बल दर्जाका क्रान्तिकारी, वामपन्थी र राष्ट्रवादी ठान्ने एमालेको सांस्कृतिक अभ्यासमा बेसी प्रकट भएको पाइन्छ । ओलीको उर्दी र दाहालको दौरा-सुरुवाल लगाइएको नेपथ्यमा एमाले र एमाले-कांग्रेस सरकारले जारी गरेको आदेशको इतिहासको पानामा देख्न सकिन्छ । एमाले-कांग्रेस सरकारले २०६७ भदौमा सरकारी सभा-समारोहमा कर्मचारीलाई 'राष्ट्रिय पोसाक' का नाममा दौरा-सुरुवाल लगाउन निर्देशन नै जारी गरेको थियो । कुनै शंका छैन, पञ्चायतकालीन पोसाक कोडकै निरन्तरता हो, राजा वीरेन्द्र र ज्ञानेन्द्रको छत्रछायामा कांग्रेस, एमाले र राप्रपा शासित संसदीय प्रजातन्त्रकालमा दौरा, सुरुवाल, टोपीलाई मात्रै राष्ट्रिय पोसाक मान्ने प्रावधान; लोकतान्त्रिक, गणतान्त्रिक र समावेशी भनिएको नेपालमा पनि नेकपा एमालेको शासनकालमा त्यही पोसाकलाई राष्ट्रिय पोसाकका रूपमा निरन्तरता दिने सरकारी उर्दी ।

आफूलाई प्रजातन्त्रवादी, मार्क्सवादी लेनिनवादी वा माओवादीसमेत भन्न रुचाउनेहरूका रुचि, संस्कार, विचार निरंकुश राजा महेन्द्रको एकलजातीय राष्ट्रवादी आदेशबाट सञ्चालित रहेको तथ्य पटकपटक प्रकट भइरहेको छ, विभिन्न रूपरंगमा । एकलजातीय राष्ट्रवादको पञ्चायती भूत गणतान्त्रिक राज्य र राज्य चलाउने दलहरूमा मात्रै होइन, अदालत र न्यायाधीशहरूमा पनि प्रकट भएको पाइन्छ । एमाले-कांग्रेस सरकारले जारी गरेको ड्रेस कोडलाई सर्वोच्च अदालतले पनि सदर गर्दै अन्य धेरै पोसाकलाई अन्याय गरेको तथ्य विदितै छ । 'राष्ट्रिय पोसाक भन्नाले दौरा-सुरुवाल सम्झनुपर्छ' भन्ने राज्य सञ्चालक तागाधारी नेताहरू र त्यही उर्दीलाई लालमोहर लगाउने न्यायाधीशहरूले एक सयभन्दा जातजाति र उनीहरूका आफ्नै विशिष्ट पहिरनको बदख्वाइँ गरेको प्रस्ट छ ।

यसरी सरकारी उर्दी र अदालती फैसलाका आधारमा स्थापित एकल पोसाकको राष्ट्रियकरणपछि प्रधानमन्त्री दाहालको ढाका टोपीमा ढल्काइ र दौरा सुरुवालमा सजाइजस्ता सांकेतिक स्वरूप (सिग्निफायर) भित्र कस्तो अर्थ वा संकेतित (सिग्निफाइड) भाव अटाएको छ, बुझ्न कठिन छैन । वर्चस्वशाली वर्ग-वर्ण, जात-जाति-संस्कृति-धर्म-भाषाको सुरुङमा छिरेपछि, उनीहरूकै आदेश, निर्देश र उर्दीलाई शिरोपर गरेपछि 'सांस्कृतिक बहुलवाद' को झन्डाको उठान बेइमानीको प्रतीक हुन्छ । 'विविधतामा एकता नै नेपालीको पहिचान हो' भन्ने दाहाल-वचनमा पनि महेन्द्र शाहदेखि ओलीसम्मको एकल राष्ट्रवादी झुसिलो डकार मात्रै आउनु अनौठो होइन । विविध पोसाकबीच अभ्यासमा एकता वा एकरूपताका लागि, सरकारी, प्रशासनिक वा अन्य औपचारिक कर्मकाण्डका लागि एउटा न एउटा जातीय पोसाक त चाहियो नि, अनेक राष्ट्रबीच एकताका लागि एक जना राष्ट्रिय एकीकरणकर्ता त आवश्यक भयो नि भन्ने वर्चस्वकारी सांस्कृतिक वैचारिकीबाट दाहाल वा श्रेष्ठका मन पनि मुक्त छैनन् । यही मनले नै लबेदा-सुरुवाल लगाएर, ढाका टोपी ढल्काएर, शुद्ध संस्कृतयुक्त नेपाली भाषामा शपथग्रहण गराउने हो; राज्यका नीति नियममार्फत एकल राष्ट्रवादको प्रदूषण फैलाउने हो । अतः आफ्नै मनको पुनःसंरचना नगरीकन एकल राष्ट्र-राज्यको पुनःसंरचनाको नारा लगाउनु पाखण्ड पुराणको फाठ गर्नु ठहरिन्छ कि ठहरिँदैन, दाहाल र श्रेष्ठज्यू ?सभार इकान्तिपुर

## मधुरो....

हुन थालेको छ । आत्मनिर्णयको अधिकारसहितको स्वायत्त प्रदेश अनि मधेशी, आदिवासी जनजाति र थारू मुक्तिको जयघोष गरेका प्रचण्डले पाँच वर्ष नबित्दै दौरा-सुरुवालको अवतार धारण गरेका छन् । हिन्दीलाई मुलुकको सम्पर्क भाषा बनाउने अभियानमा जुटेका महन्थ ठाकुरहरू नेपालीमा शपथ लिन थालेका छन् ।

मधेश प्रदेश नामकरण हुँदा राजनीतिक समीक्षकहरूले हर्षबढाइँ गरेका थिए, यसलाई पहिचानका आधारमा नामकरण भएको पहिलो प्रदेशको संज्ञा दिएका थिए । पहिलो प्रदेशसभामा यसको चित्र पनि देखिएको थियो ।

२०७४ सालको प्रदेशसभामा मधेश प्रदेशका १७ सदस्यमध्ये ४७ जनाले मैथिलीमा, २५ जनाले भोजपुरीमा, २४ जनाले नेपालीमा र ११ जनाले हिन्दीमा शपथ लिएका थिए । पाँच वर्षपछि २०७९ साल पुस १५ मा मधेश प्रदेशसभाका सम्पूर्ण सदस्यमध्ये नेपालीमा ५६ जनाले शपथ लिएका छन् भने, बज्जिकामा १३ जना, मधेशी भाषामा १३ जना, मैथिलीमा ११ जना, भोजपुरीमा ७ जना, थारूमा ३ जना, मगहीमा २ जना, हिन्दीमा २ जना र उर्दूमा १ जना सदस्यले शपथ लिएका छन् ।

मधेश प्रदेशमा पाँच वर्षयता नेपालीमा शपथ लिनेको संख्या २४ बाट बढेर ५६ पुगेको छ ।

मैथिलीमा शपथ लिनेहरूको संख्या ४७ बाट झरेर ११ मा तथा भोजपुरीमा शपथ लिनेहरूको संख्या २५ बाट झरेर ७ मा खुम्चिएको छ । हुँदै नभएको मधेशी भाषामा १३ जनाले शपथ लिएका छन् । यसले पहिचानको स्वर मधुरो भएकै देखाउँछ । केन्द्रीकृत भाषा र संस्कृतिका पक्षधरहरू बलिया भएका छन्, पहिचानवादीहरू कमजोर ।सभार इकान्तिपुर

## NGO मार्फत..

निर्वाचित जनप्रतिनिधिहरुसँग मिलोमतो गरी झोले एनजीओ कर्मीले अहिले विभिन्न कार्यक्रमहरु ठेकामा लिई भ्रष्टाचार गरीरहेको कुरा विशेष स्रोतबाट जनकारी प्राप्त भएको छ ।

स्थानिय तहका प्रमुख,उपप्रमुख,वडा अध्यक्षहरु तथा प्रमुख प्रशासकिय अधिकृत सरहको कर्मचारीहरुको घरघरमा रक्सी तथा मासु पुयाई कार्यक्रम हातपारेका एनजीओ कर्मीहरुले आफुलाई बाहुबली बन्न खोजेको केही पालिकाहरुको कर्मचारीहरुले जानकारी दिएका छन ।

एनजीओ कर्मीहरुले कतिको भ्रष्टाचार गरेका छन भने सत्य तथ्य पता लगाउनका लागि उनीहरुको सम्पति शुद्धिकरण गरियो भने सबै छ्लङ्ग हुने छ ।

चालु आ।व।९ महिनामा पर्साको अधिकांस स्थानिय तहहरुबाट करोडौं करोडौं बराबरको जनचेतना मूलक कार्यक्रम,सप्लायर्स सम्बन्धि कार्य तथा निर्माण सम्बन्धि कार्यको ठेकालिई कतिको कामै नगरी बिल भरपाई मिलाई भुक्तानी लिईरहेको पर्सा तथा बाराका केही स्थानियहरुले उजागर गरेका छन ।

यस्ता धेरै झोले ल्न्इ तथा सघं संस्थाहरुको संचालक रहेका छन जुन भ्रष्टाचार गर्नमा माहिर रहेका छन । उनीहरुको पनि तथ्याँक सँकलन भइरहेको छ र छिटै सार्वजनिक पनि गरिने छौं ।

यस्ता झोले तथा भ्रष्टहरुले गर्दा पर्सा तथा बाराको अधिकाँस राम्रो सँघ सँस्थाहरुलाई कार्य गर्न अवसर प्राप्त नभएको र यो समाजिक विकास सम्बन्धि कामहरुको बदनामी भइरहेको छ ।

## सामुदायिक .....

इम्तियाज आलम को प्रमुख अतिथि तथा सामुदायिक सेवा केन्द्र छपकैया २ का अध्यक्ष ग्यासुदिन ठकुराई को अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला प्रसासन कार्यालय पर्सा का सहायक प्रमुख जिल्ला अधिकारी महेश राज तिमल्सिना, वीरगंज महानगरपालिका वडा नं १ का वडा अध्यक्ष मनोज कुर्मी, जिल्ला प्रहरी कार्यालय पर्सा का सहायक प्रहरी उपरीक्षक निर्मल बुढाथोकी, बिर्ता वडा प्रहरी कार्यालय विर्ताका प्रहरी निरीक्षक विशाल मल्ल लगायत अतिथिहरु तथा स्थानीय समाजसेवीहरुको सहभागीता रहेको थियो ।

## थारू सम्बत......

केकडा(गंगटो), माछा, हाँस, कुखुरा र परेवाको मासु , चिचर , तिल र भुजाको लड्डु इत्यादिका परिकारहरु प्रदर्शनी र बिक्रीका लागि राखिने समितिले जनाएको छ ।

आइतबार बिहान ११.३० बजे घण्टाघर चोकबाट प्रभातफेरि निकालिने पनि चौधरीले पत्रकार सम्मेलनमा जानकारी दिए ।

रौतहटको गुजरा नगरपालिकाको लक्ष्मी प्राविका जग्गादाता एंव समाजसेवी लक्ष्मी चौधरीको प्रमुख आतिथ्यता एंव रामसुन्दर चौधरीको संयोजकत्वमा हुने माघी महोत्सवमा पर्सा , बाराका थारु समुदायका अगुवाका साथै सामाजिक अभियन्ता , राजनीतिक दलका प्रतिनिधी , संघसंस्थाका प्रतिनिधी लगायतको पनि सहभागीता रहने संयोजक चौधरीले जानकारी गराए ।

## सर्लाहीमा...

चालक फरार भएकाले उनको खोजी भइरहेको प्रहरीले जनाएको छ

# बाराको कल्याणपुरमा तस्कर र प्रहरी विवाद हुँदा तीन प्रहरी घाइते




बारा। तस्कर र प्रहरीबीच विवाद हुँदा प्रहरी सहायक निरीक्षक सहित दुई प्रहरी घाइते भएका छन्।

सीमा प्रहरी चौकी छतवाबाट खटेका प्रहरी गस्ती टोलीले विश्रामपुर गाउँपालिका १ कल्याणपुर बोर्डर नजिकै भारतबाट नेपालतर्फ साइकलमा आउँदै गरेको समान चेकजाँच गर्ने क्रममा शुक्रबार साँझ तस्करसँग सामान्य विवाद भएको थियो।

विवाद पछि सोही ठाउँका ३६ वर्षीय मनोहर पटेल, धर्मेन्द्र पटेललगायतका स्थानीले प्रहरी सहायक निरीक्षक बिकरु मण्डल र प्रहरी हवलदार उमेश पण्डितलाई कुटपिट गर्दा उहाँहरू घाइते हुनुभएको बारा प्रहरीले जनाएका छन्।

घाइते प्रहरीको प्रादेशिक अस्पताल कलैयामा उपचार भइरहेको र उहाँको स्वास्थ्य अवस्था सामान्य बाराका प्रहरी नायब उपरीक्षक राजेश थापाले जानकारी दिनुभयो।

सो घटनापछि इलाका प्रहरी कार्यालय, प्रसौनी र प्रहरी चौकी मुसहर्वाबाट आएका थप प्रहरी टोलीले कुटपिट गर्ने मनोहर पटेल र धर्मेन्द्र पटेललाई नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय कलैया बारामा ल्याइएको तथा घटनामा संलग्न रहेका अन्य सहयोगीहरूको खोज तलास भइरहेको बारा प्रहरीले जनाएको छ।

यसैगरी, प्रहरी चौकी कचोर्वाका प्रहरीमाथि भारतीय तस्करहरूले हातपात गरेका छन्। सिम्रौनगढ नगरपालिका ११ पिठुवास्थित बोर्डर नजिकै ड्युटीमा खटेका प्रहरीले पुस २७ गते साँझ ५ बजे भारतबाट भन्सार छलीगरी नेपालतर्फ ल्याउँदै गरेको समान चेकजाच गर्ने क्रममा सामान्य विवाद भएको थियो।

सो घटनामा भारत बिहार राज्य मोतिहारी जिल्ला पुर्वीचम्पारण पुर्णहिया निवासी ४५ वर्षीय सन्दीप यादव र रौतहट जिल्ला बौद्धीमाई नगरपालिका ७ बस्ने ३३ वर्षीय कासिम देवानले समान तस्करी गर्ने नम्बर नखुलेका एउटा मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको छ। साथै घटनामा संलग्न रहेकाको खोजतालस जारी रहेको बाराका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक राजेश थापाले जानकारी दिनुभयो।साभार– गोरखापत्र अनलाईन

# नेशनल ईन्फोटेक क्रिकेट कपको उपाधी ग्लोबल बिजनेस कलेजलाई पराजित गर्दै आयोजकलाई।

वीरगन्ज। नेशनल ईन्फोटेक क्रिकेट कपको उपाधी आयोजक नेशनल इन्फोटेक कलेजले हात पारेको छ। रोचक प्रतिस्पर्धाका बिच ग्लोबल बिजनेस कलेजलाई ३ विकेटले पराजित गर्दै एन आई कलेजले उपाधि जितेको हो।



नारायणी क्रिकेट रंगशालामा पुस १६ गतदेखि जारी एन आई क्रिकेट कपअन्तर्गत आजको फाइनल खेलमा टस जितेर ब्याटिङ रोजेको ग्लोबल कलेजले निर्धारित २०ओभरमा सबै बिकेट गुमाएर १ सय ८ रनको योगफल तयार पारेको थियो।

ग्लोबलका लागि सोनु कुमार लोहार र सिकन्द्र कुमार साहले उत्कृष्ट प्रदर्शन गरे। सोनुले २१ बलमा ३ चौका प्रहार गर्दै २२ रन बनाए भने सिकन्द्रले २३ बलको सामना गर्दै ३ चौकाको मद्दतमा २१ रन बनाए।

बलीङतर्फ नेशनल ईन्फोटेक कलेजका शेराजुल आलमले ४ विकेट लिए। ४ ओभरमा १ मेडन ओभर बनाएर १० रन खर्चिदै आलमले ४ विकेट लिँदा रन्जित कुमार, सोनु कुशवाह र शेख अबुबकरले १/१ विकेट लिए।

नेशनल ईन्फोटेक कलेजले २० ओभरमा ७ विकेटकै क्षतिमा १ सय ९ रनको लक्ष्य भेटाउन सफल भयो। नेशनल इन्फोटेक कलेजका लागि राहुल हकले उत्कृष्ट प्रदर्शन गर्दै ३ चौकाको मद्दतमा ३९ रन बनाए। शेराजूल आलमले २ चौका र २ छक्का प्रहार गर्दै १६ बलमा २९ रन जोडे।

ग्लोबलका सोनु कुमार लोहारले ४ ओभरमा १ मेडन ओभर बनाउँदै १७ रन खर्चिएर २ विकेट लिए। विराज कुमार आलेले पनि २ विकेट लिए भने रोशन कुमार साह र रोहन यादवले १/१ विकेट लिए।

प्रतियोगितामा नेशनल इन्फोटेक कलेजका शेराजुल आलम प्लेयर अफ दी म्याच घोषित भएको नेशनल इन्फोटेक कलेजका प्रबन्ध निर्देशक ई. मनिष सिँहले जानकारी दिए।

# मधेस प्रदेशका सभामुखमा एमालेका रामचन्द्र मण्डलले दिए उम्मेदवारी।

जनकपुरधाम। मधेश प्रदेशका सभामुखका लागि सत्तारुढ गठबन्धनबाट नेकपा एमालेका प्रदेश सभा सदस्य रामचन्द्र मण्डल उम्मेदवारी दर्ता गराएका छन्।सत्ता साझेदार दलहरुबीच बनेको सहमति अनुसार सांसद मण्डलले प्रदेशसभा सचिवालय पुगेर सभामुखका लागि उम्मेदवारी दर्ता गराएका हुन्।



सत्ता साझेदार दलहरुबीच उपसभामुख जनमत पार्टीलाई दिने सहमति बनेको छ। उपसभामुखमा जनमतले बबिता राउत ईसरको उम्मेदवारी दर्ता गराउने बुझिएको छ।नेपाली कांग्रेसका पनि सभामुखमा जंगीलाल राय यादवले उम्मेदवारी दिने बुझिएको छ।

# निर्मलाका लागि न्याय माग्दै धर्नामा बसेकालाई भेटे गृहमन्त्री।

काठमाडौं। गृहमन्त्री रवि लामिछानेले निर्मला कुर्मीका लागि न्याय माग्दै धर्नामा बसिरहेका महिला अधिकारकर्मीहरूलाई धर्ना रोकेर घर फर्कन आग्रह गर्दै दोषीमाथि कारबाही गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।माइतीघरमा रुबी खानको नेतृत्वमा धर्ना बसेका महिला अधिकारकर्मीहरूलाई शनिबार भेटेर गृहमन्त्री लामिछानेले धर्ना स्थगित गरेर घर फर्कन आग्रह गरेका हुन्। पीडितहरूले धर्ना बसेर प्रदर्शन गरिदिँदा अनुसन्धान प्रभावित हुनसक्ने भन्दै गृहमन्त्री लामिछानेले आफूले दोषीलाई कुनै हालतमा पनि कारबाही गर्ने बताए। तर यो मुद्दा जटिल बन्दै गएकाले अनुसन्धानमा केही समय लाग्नसक्ने उनको भनाइ छ।निर्मला कुर्मीले न्याय नपाएपछि माइतीघरमा महिला अधिकारकर्मीहरूले लालटिन बालेर प्रदर्शन गरेपछि गृहमन्त्री लामिछाले त्यहाँ पुगेर पीडितहरूलाई भेट गरेका हुन्।'अघिल्लो सरकारबाट भएका अनुसन्धानमा पनि केही त्रुटि भए होलान्। त्यसलाई पनि सच्याउनु पर्नेछ। मैले यो घटनालाई अति संवेदनशील रुपमा लिएको छु। यसमा संलग्न व्यक्तिहरूमाथि पनि कारबाही हुन्छ। तपाइँहरूलाई म विश्वस्त बनाउन चाहन्छु। तपाइँहरू यो चिसोमा यसरी दुख पाएर बस्दा मलाई पनि सहज लागिरहेको छैन। तपाइँहरू यसरी धर्ना नबसे पनि सरकारले गर्ने कारबाही गरिरहेको हुन्छ। त्यसैले यो चिसोमा नबसेर घरमा गइदिनुहोला। बरु सरकारले के सहयोग गर्नु पर्छ त्यसका लागि म तयार छु,' गृहमन्त्री लामिछानेले भनेका थिए।प्रदर्नकारीहरूको पक्षबाट रुवी खानले यो सरकारबाट न्याय पाउनेमा आफूहरू आशावादी रहेको प्रतिक्रिया दिएकी थिइन्। साथै धर्ना नछाड्ने बरु सरकारलाई अनुसन्धानमा सहयोग गर्न आफूहरू तयार रहेको खानको अडान थियो।



निर्मला कुर्मीको घटनाको अनुसन्धान गर्न सरकारलाई अझै केही समय लाग्नसक्ने भएकाले माइतीघर छाडेर घर फर्कन पीडितहरूलाई गृहमन्त्रीको आग्रह। तर यस घटनामा संलग्न व्यक्तिहरूलाई कुनै पनि हालतमा नछाड्ने गृहमन्त्री लामिछानेको प्रतिबद्धता।

# पर्साबाट तस्करी गर्ने पाँच वटा ट्याक्टर सहित एक जना पक्राउ।




वीरगन्ज। पर्सा जिल्लाको विभिन्न स्थानबाट प्रहरीले तस्करीको गिट्टी बालुवा ढुवानी गर्ने पाँच वटा ट्याक्टर सहित एक जनालाई नियन्त्रणमा लिएको छ।

ईलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रहरी निरीक्षक किशोर आचार्य नेतृत्वको टोलीले पटेर्वासुगौली गाउँपालिका अन्तर्गत पर्ने गादी खोलाबाट बालुवा लिएर जाँदै गरेको अनटेस्ट नम्बर प्लेट भएको ट्याक्टर सहित चालक पटेर्वासुगौली गाउँपालिका २ मकवानी टोलका रोहबर माझीलाई पक्राउ गरेको छ।यस्तै शनिबार नै वीरगन्ज महानगरपालिका अन्तर्गत पर्ने भेडाहा खोलाबाट पनि प्रहरी चौकी मिलनचोकको टोलीले बालुवा लोड गरि जाँदै गरेका ना ४ त २५२९ र ना ६ त १७५९ नम्बरका दुई वटा ट्याक्टर नियन्त्रणमा लिएको छ। यस्तै जिराभवानी गाउँपालिका वडा नम्बर १ अन्तर्गत पर्ने ओरिया खोलाबाट पनि शनिबार नै प्रहरीले गिट्टी बालुवा लोड गरिएका ना ७ त ८५८ र ना ७ त ५५७९ नम्बरका दुइ वटा ट्याक्टर इलाका प्रहरी कार्याालय सेढवाले नियन्त्रणमा लिएको छ।

# नारायणी नदीमा 'मिनी पानी जहाज' भोलिदेखि सञ्चालन हुन

चितवन। लामो समयमको प्रतीक्षापछि चितवनको नारायणी नदी किनारमा 'क्रुज सिप' सञ्चालनमा आउने भएको छ। क्रुज निर्माण गरेको राइनो वाटर इन्टरटेन्मेन्ट प्रालिले नदी किनारमा माघ १ गतेदेखि व्यवसायिक रुपमा क्रुज सञ्चालन गर्न लागेको जनाएको छ।

राइनो वाटर इन्टरटेन्मेन्ट प्रालिका प्रबन्ध निर्देशक रामचन्द्र कँडेलले क्रुज सञ्चालनको तयारी गरिएको बताए। क्रुजको २ वर्ष अगाडि नै सफल परीक्षण गरिएको थियो। तर कोरोना महामारीका कारणले समयमा क्रुजको निर्माण सकेर सञ्चालन गर्न नसकिएको प्रवन्ध निर्देशक कँडेलले जानकारी दिए।भरतपुर महानगरपालिका-१६ ज्ञानेश्वर सामुदायिक वनस्थित काभ्रेघाटमा क्रुजसिपको स्टेसन रहेको छ। क्रुजमा एक पटकमा १८० जना यात्रु एकैसाथ चढ्न पाउँछन्। क्रुजसिपमा ३ तला छ।प्रबन्ध निर्देशक कँडेलका अनुसार एक घण्टासम्म नारायणी नदीमा क्रुजमा यात्रुलाई सयर गराउने योजना छ। क्रुज चढेको टिकट ७ सय तोकिएको छ।ब्रेकफाष्ट क्रुजिङका लागि १ हजार ५ सय, लञ्च क्रुजिङका लागि २ हजार, डिनर क्रुजिङका लागि २ हजार ५ सय रुपैयाँ तोकिएको छ। क्रुज सिप भित्र रेष्टुरेण्ट, सांस्कृतिक कार्यक्रम गर्न आकर्षक स्टेज, बैठक सेमिनार गर्न मिल्ने हल, सेल्फी प्वाइन्टहरु राखिएका छन्।क्रुजमा भीआईपी कक्ष, सेल्फी लिने तथा चलचित्रहरु सुटिङ गर्न मिल्ने युनिट डिजाइन परिवर्तन गरी थपिएको छ।पहिलाको भन्दा बाहिरी लुक्स राम्रो देखाउने गरी डिजाइन गरिएको प्रवन्ध निर्देशक कँडेलले जानकारी दिए। डिजाइन परिवर्तन गर्दा एक करोड लागत र वजन १० टन थप भएको कम्पनीको भनाइ छ।हरेक यात्रुको १० लाख बराबरको बीमा हुनेछ। क्रुजसिपमै बसेर विवाह, ब्रतबन्ध, पास्नी, जन्मोत्सव, वैवाहिक वर्षगाँठ लगायतका गतिविधिहरु गर्न पाइने सुविधा समेत राखिएको छ। क्रुजसिप निर्माणमा १५ करोड भन्दा बढी खर्च भएको छ।क्रुज सञ्चालनका लागि नारायणी नदीमा ४० किलोमिटरको अनुमति छ। तर यतिबेला पानीको सतह निक कम भएकाले केही किलोमिटर मात्र चलाइने छ।क्रुजमा दुई इञ्जिन रहेका छन्। क्रुजको पहिलो तलामा ९०, दोस्रो तलामा १०० जना अटउन सक्ने क्षमता छ। पहिलो तलाको अगाडिपट्टि सेल्फी खिच्ने, चलचित्र तथा म्यूजिक भिडियो सुटिङ गर्ने खुला ठाउँ छ। यहाँ १५ जना उभिन मिल्नेछ। यहाँ बैठक पनि गर्न मिल्ने छ।दोस्रो तलाको एक छेउमा १० जना विशिष्ट व्यक्तिका लागि कुर्सी राखिनेछ। क्रुज १०० फिट लम्बाइ र २५ फिट चौडाइको छ। नर्वेजियन प्रविधिको प्रयोग गरेर बनाइरहेको क्रुज सिपमा भारतको केरलाका प्राबिधिकले तयार गरेका हुन्। क्रु सदस्य १५ जना रहनेछन्।

# जनहित बचत तथा ऋण सहकारी संस्था लि.को २५ औँ वार्षिक साधारण सभा सम्पन्न।

कृष्णा कुशवाहा

वीरगन्ज। जनहित बचत तथा ऋण सहकारी संस्था लि. रामनगरीको २५ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ। पर्साको बहुदरमाई नगरपालिका ८ स्थित रहेको संस्थाको २५ औं वार्षिक साधारण सभा आज शनिबार सम्पन्न भएको छ। साधारण सभामा संस्थाका अध्यक्ष रमप्रबेश साहले आर्थिक बर्ष ०७८/०७९ सालको आय-व्याय प्रस्तुत गरेका थिए। संस्थाले २५ बर्षको अबधिमा ३ करोड ५० लाख रूपैयाँ ऋण लगानी गरिसकेका छन्। हाल संस्थामा ८ हजार ५ सय ५५ सेयर सदस्य आबद्ध गरेका छन्। संस्थाको तत्कालको करोबार ६ करोड २३ लाख २१ हजार ९ सय २४ रूपैयाँ रहेको छ। त्यसै गरि यो संस्थाले यस वर्षमा २० लाख ५८ हजार ६ सय ७ रुपैयाँ मुनाफा गरिएको छ।साधारण सभामा संस्थाको कर्मचारीसहित १६ जना उत्कृष्ठ बचत कर्तालाई सम्मान गरिएको थियो। साथै




उक्त संस्थाका ६ जना कर्मचारी हरूले सरकारी जागिरमा नाम निकाल्न समेत सफल भएका छन्। उनीहरूको पनि सम्मान गरिएको आयोजक संस्थाले जनाएको छ।संस्थाका अध्यक्ष रामप्रवेश साहको अध्यक्षता तथा बहुदरमाई नगरपालिकाका उपमेयर शुष्मा कुशवाहाको प्रमुख अतिथ्यमा भएको कार्यक्रममा बिशिष्ट अतिथिको जिल्ला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष राजेश पंडित ,एनजीओ सिसी पर्साका अध्यक्ष इब्राहीम देवान, अतिथिहरुमा वडा अध्यक्ष पुनिलाल साह, युवा स्वरोगार संयोजक सुनिल प्रसाद रौनियार, दिव्य बचतका कोषाध्यक्ष रमाकान्त कुर्मी, दि ग्रेट कल्बका अध्यक्ष पुनेस्वामी राउत, नेपाल रेडक्रस सोसाइटी रामनगरीका सभापति हरिन्द्र प्रसाद, वृजकिशोर पटेल लगायत सेयर सदस्य, सञ्चारकारीकर्मी, स्थानीयबासी बुद्धिजीवी, समाजसेवी, जनप्रतिनिधि लगायतका उपस्थिति रहेको थियो।